## सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना
### नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा

(प्रथम पटक प्रकाशित मिति २०८०।०९।०७)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८०।०९।०५ मा बसेको सञ्चालक समितिको १००९औं बैठकको निर्णय अनुसार कम्पनीको सोह्रौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १० को उपविनियम (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको कार्यक्रम**

मिति २०८०/०९/२९ गते आइतबार ( तदनुसार १४, जनवरी २०२४)

समयः विहान ११:०० बजे ।

स्थानः राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाण्डौं ।

**छलफलको विषयः**

**१. साधारण प्रस्तावः**

क) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आसाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) लेखा परीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/८१ को लागि कम्पनीको लेखा परीक्षक नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने तथा नियुक्तिका अन्य सर्तहरु निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भएपश्चात आ.व. २०७९/८० को कम्पनीको मुनाफा रकम मध्येबाट शेयरधनीहरुलाई प्रति शेयर रु.४०।- (अक्षरेपी चालिस रुपैयाँ मात्र) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

ङ) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (छ) समूह ग (सर्वसाधारण समूह) १ अनुसार कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालक सदस्यको निर्वाचन गर्ने ।

**२. विविधः**

सञ्चालक समितिको आज्ञाले,
राजेन्द्र अर्याल
कम्पनी सचिव

**कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी:**

१. कम्पनीको १६औं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८० साल पौष १९ गते देखि मिति २०८० साल पौष २९ गतेसम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द गरिनेछ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८० साल पौष १८ गते सम्म नियमानुसार कारोबार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।

२. वार्षिक साधारण सभामा भाग लिन उपस्थित हुने शेयरधनीहरुले आफ्नो BOID Statement वा शेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाण (कागजात) अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ।

३. वार्षिक साधारण सभामा भाग लिन शेयरधनी आफै उपस्थित हुन नसक्ने भएमा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सकिनेछ। प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०८०/०९/२४ गते अपरान्ह ४ बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ।

४. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिरपुस्तिका खुल्नु अघि सभास्थलमा आई लिखित सूचना दिनु पर्नेछ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी महानुभावको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिती पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ।

६. शेयरधनी महानुभावहरुको ठेगानामा पठाइने कम्पनीको सोह्रौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको website: www.ntc.net.np मा पनि हेर्न सकिनेछ। कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरुले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंबाट परिचय खुल्ने कागजात पेश गरी लिन सक्नु हुनेछ।

७. नावालक वा विक्षीप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिईनेछ।

८. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा काठमाण्डौंमा लिखित जानकारी दिनु पर्नेछ। लिखित जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।

९. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपमा जवाफ दिइनेछ।

१०. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (छ) समूह ग (सर्वसाधारण समूह) तर्फको सर्वसाधारण शेयरधनीको तर्फबाट एकजना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम सम्बन्धी सम्पूर्ण कार्यको लागि निर्वाचन अधिकृतले सूचना प्रकाशन गरे बमोजिम हुनेछ। उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौंको सूचना पाटिमा टाँस गर्नुका साथै राष्ट्रिय पत्रिकामा समेत प्रकाशित गरिनेछ।

११. शेयरधनी महानुभावहरु सभास्थलमा उपस्थित हुँदा अनिवार्य रुपमा माक्सको प्रयोग गरिदिनुहुनका साथै झोला, पोका जस्ता बस्तुहरु नलिइ आउन हुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।

१२. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाण्डौमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

राजेन्द्र अर्याल
कम्पनी सचिव